नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेस विज्ञप्ती

नेपालको संविधानको धारा ३०२ बमोजिम कर्मचारी समायोजन अध्यादेश, २०७५ अनुसार निजामती कर्मचारीहरुको संघ, प्रदेश र स्थानीय तहमा कर्मचारी समायोजनको कार्य अगाडि बढेको छ। यसै सन्दर्भमा निजामती सेवा ऐन, २०४९ को परिच्छेद- ७ को आचरण र अनुशासनलाई बेवास्ता गर्दै निजामती कर्मचारीहरुले सामाजिक सञ्जाल, पत्रपत्रिका तथा लेखरचनामा नेपाल सरकार, माननीय संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यू, श्रीमान् सचिवज्यू लगायत यस मन्त्रालयको गरिमामा आँच आउने गरी अवाञ्छित, उच्श्रृङ्खल, अनुचित, गैर जिम्मेवारी, अनुशासनहिन र पेशाको मर्यादा विपरीत स्टाटस, विचार, तस्वीर राख्ने लगायतका अस्वभाविक क्रियाकलापप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ ।

यसरी निजामती सेवा ऐन, २०४९ मा उल्लेखित आचरण र अनुशासनलाई बेवास्ता गरी आफू निजामती कर्मचारी समेतको भूमिकामा नरहेको जस्तो गरी माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू लगायतलाई पद, वर्ण, जात, समुदाय तथा सम्प्रदायलाई समेत जोडेर सामाजिक सञ्जालमा गैर जिम्मेवारपूर्ण, अनुशासन र आचरण विपरित अभिव्यक्ति राख्ने राष्ट्रसेवक कर्मचारीहरुको यस मन्त्रालयले अभिलेख राखेको व्यहोरा सूचित गरिन्छ । साथै यस प्रकारका भ्रामक, अवाञ्छित र दुरासययुक्त क्रियाकलाप गर्ने राष्ट्रसेवक कर्मचारीहरुलाई निजामती सेवा ऐन, २०४९, सोको नियमावली, २०५०, सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४, सोको नियमावली, २०६५, विद्युतीय कारोबार ऐन, २०६३ बमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराईन्छ ।

अन्त्यमा, कर्मचारी समायोजन अध्यादेश, २०७५ बमोजिम मिति २०७५/९/११ मा प्रकाशित सूचना अनुसार सबै निजामती कर्मचारीहरुलाई समायोजन प्रक्रियामा सहभागि भई सहयोग गरीदिनुहुन मन्त्रालयको तर्फबाट हार्दिक अपिल गर्दछु ।

2075/9/16
..................
सुरेश अधिकारी
सहसचिव एवं प्रवक्ता
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**सुरेश अधिकारी**
**सह-सचिव**